का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक १९२
- ११ भदौं २०७८, शुक्रबार
- 27 August 2021, Friday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

एमाले वियोग

# माधव नेपाल सत्तारूढ केपी ओली प्रतिपक्ष





आठ महिना लामो मतभेद पछि नेकपा एमाले विभाजित भएसँगै राष्ट्रिय राजनीतिक परिदृष्य पनि फेरिएको छ । एमाले अध्यक्ष केपी शर्मा ओली निकट चारै नता मुख्यमन्त्रीहरुबाट बाहिरिएका छन् भने नयाँ दल गठन गरेका माधवकुमार नेपालको सत्तारोहण नजिकिदै गएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १० भदौं ।

नेकपा एमालेबाट अलग भएर नेकपा (एकीकृत समाजवादी) गठन गरेका माधवकुमार नेपालले अब आफ्नो पार्टी सत्तामा जाने बताएका छन् । बिहीबार पत्रकार सम्मेलन गरी अध्यक्ष नेपालले संघीय सरकारमा सामेल हुने मात्रै बताएनन् आफूलाई छोडेर एमालेकै नेताका हैसियतमा प्रदेश-१ -भीम आचार्य) र बागमतीमा (अष्टलक्ष्मी शाक्य) मुख्यमन्त्री बनेका नेताहरुलाई साथ नदिने बताएका छन् ।

प्रधानमन्त्री शेरबहादुर देउवाले पनि माधव नेपाललाई पर्खिएर मन्त्रिपरिषद् बिस्तार गरेका छैनन् । अर्थात् ९ भदौमा माधव नेपालको पार्टीले वैधानिकता पाएकाले तत्कालै मन्त्रिपरिषद् बिस्तार हुने संभावना देखिन्छ ।

यसको अर्थ अब केपी शर्मा ओली नेतृत्वको नेकपा एमाले संघीय र प्रदेश सरकारहरुमा प्रतिपक्षी दल बन्ने निश्चित भएको छ । प्रदेश-२, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा एमाले प्रतिपक्षी दल बनिसकेको छ । गएको २९ असारमा ओली प्रधानमन्त्रीबाट च्युत भएका थिए ।

प्रदेश-१ र बागमतीमा ओली निकट नेताहरु शेरधन राई र डोरमणि पौडेल सत्ताबाट बाहिरिसकेका छन् । राईको ठाउँमा पूर्वमाधव नेपाल समूहका नेता भीम आचार्य र पौडेलको ठाउँमा अष्टलक्ष्मी शाक्य मुख्यमन्त्री बनेका छन् । अर्थात् अबको राजनीतिक परिदृष्य विभाजन अगाडिको ओली नेतृत्वको एमाले विपक्षीमा हुनेछन् भने माधव नेपाल नेतृत्वको एमाले सत्तामा हुनेछन् ।

## ■ चाँडै सरकारमा !

एकीकृत समाजवादीका अध्यक्ष नेपालले वर्तमान गठबन्धनको सरकारमा सहभागी हुने बताएका छन् । पार्टीले निर्वाचन आयोगबाट दल दर्ता भएको प्रमाणपत्र प्राप्त गरेपछि औपचारिक रूपमा बिहीबार आयोजना गरेको पत्रकार सम्मेलनमा उनले वर्तमान गठबन्धनको सरकारमा सहभागी हुने बताए ।

अध्यक्ष नेपालले पाँच दलीय गठबन्धनमा आफू पनि भएको र सरकारमा छिट्टै सहभागी हुने उनको भनाइ थियो । "सबै वामपन्थी लोकतान्त्रिकसँग पार्टीले सहयोग गर्छ, कांग्रेस, माओवादी, जसपासँग सहकार्य हुन्छ" अध्यक्ष नेपालले भने, "सत्ता बाहिर रहेका कम्युनिष्टसँग पनि सहकार्य हुन्छ ।"

आफूहरुको नयाँ पार्टी राष्ट्र र जनताप्रति समर्पित भई काम गर्ने उल्लेख गर्दै उनले भने, "यो पार्टी राष्ट्रप्रति र जनताप्रति समर्पित हुनेछ, यो कुनै स्वार्थ र कुसंस्कारको झुण्डमा पर्ने छैन ।"

अध्यक्ष नेपालले क्रान्तिकारी धारमा हिँड्नेले जनता र कार्यकर्ताको चाहना बुझ्न सक्नुपर्ने र आफूले पार्टीलाई जोगाउन, राष्ट्रियता, लोकतान्त्रिक गणतन्त्र र जनताका हितका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

## ■ दश बुँदे कार्यान्वयन

उता तुलसीलाल स्मृति भवनमा बसेको नेकपा एमालेको केन्द्रीय कमिटी बैठकले पार्टी परित्याग गर्नेलाई निष्कासन गर्ने निर्णय गरेको छ । केन्द्रीय बैठकले पार्टी परित्याग गरी नयाँ दलमा गएका पार्टीका नेताको नाम पार्टीको अभिलेखबाट हटाउने निर्णय गरेको एमाले प्रवक्ता प्रदीप ज्ञवालीले बताए ।

पार्टी परित्याग गरेकालाई निष्कासन गरेको जानकारी निर्वाचन आयोगलाई समेत दिने बताए । बैठकले ८ भदौमा स्थायी कमिटी बैठकले गरेका निर्णयको अनुमोदन गरेको छ ।

पार्टी परित्याग गरेका कसैले भुल महसुस गरे सच्याएर आए पार्टी एकतामा फर्कन चाहनेलाई ढोका खुला राखिने उनको भनाइ छ । "उहाँहरु फर्कनु भयो भने हामी स्वागत गर्दछौं", उनले भने, "आफूलाई सुधार गरेर आउँछन् भने ती साथीलाई पार्टीमा जिम्मेवारीसमेत दिन्छौं ।"

बैठकले १० बुँदे प्रस्ताव शीघ्र र प्रभावकारी रूपमा पार्टी एकताको मर्मलाई प्रतिविम्ब गर्ने गरी कार्यान्वयन गर्नेसमेत निर्णय गरेको उनले बताउनुभयो । बैठकले निर्वाचन आयोगले पार्टीबाट हटाएर र अनुपस्थिति रहेका नेताको सनाखत गरेर पार्टी विभाजनमा सहयोगी बनेको निष्कर्ष निकालेको पार्टीका प्रवक्ता ज्ञवालीले बताए ।

"सनाखत भनेको त्यो व्यक्तिको हस्ताक्षर हो वा होइन भन्ने हो" ज्ञवालीले भने, "तर आयोगमा उपस्थित नभएका व्यक्तिको पनि सनाखत गरी आयोग दल विभाजन गर्न सहयोगी बन्यो ।"

बैठकले १० बुँदे सहमति जनवर्गीय संठनमा कार्यान्वयन गर्न महासचिव ईश्वर पोखरेल, उपमहासचिव विष्णुप्रसाद पौडेल, सचिव गोकर्ण विष्ट र स्थायी कमिटी सदस्य बाँकी पृष्ठ २ मा

लागू औषधरहित परिवार:
स्वस्थ जीवनको आधार

- टोलाउने, लट्ठ परिरहने, उकान्तमा बस्न रूचाउने,
- काममा जान मन नगर्ने, दुब्लाउँदै जाने, सरसफाईमा ध्यान नदिने,
- अनावश्यक खर्च गर्ने लगायत लागू औषध दुर्व्यसनीका लक्षणहरू हुन सक्छन्

यस्ता लक्षण देखिएमा समयमै नजिकको परामर्श केन्द्र वा चिकित्सकसँग सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नामै नराखी विदा भए राई

## आचार्यलाई शपथसँगै पद जोगाउने चिन्ता



**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, १० भदौ

नेकपा एमाले विभाजनसँगै अल्पमतमा परिसकेका प्रदेश-१ का मुख्यमन्त्री शेरधन राईले बिहीबार राजीनामा दिएपछि भीम आचार्य मुख्यमन्त्री नियुक्त भएका छन् । मुख्यमन्त्री चयन हुनुअगाडि राई बाहिरिएर आचार्य संसदीय दलका नेता चयन भएका थिए ।

> नेकपा एमाले विभाजन र शक्ति समीकरणका कारण बागमती प्रदेश पछि प्रदेश-१ सरकार बदलिएको छ । एमालेको एकल बहुमत रहेको दुवै प्रदेशमा अध्यक्ष केपी शर्मा ओली निकट मुख्यमन्त्रीहरुले राजीनामा दिएर पूर्वमाधव नेपाल समूहका नेताहरु मुख्यमन्त्री नियुक्त भए ।

एमालेको एकल बहुमत रहेकाले संसदीय दलको बहुमतबाट आचार्य मुख्यमन्त्री बने । एमाले विभाजन गरी नेकपा (एकीकृत समाजवादी) गठन गरेका पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल छोडेकाले आचार्य मुख्यमन्त्री चयन भएका हुन् । यसअघि दुईपटकसम्म आचार्य मुख्यमन्त्री बन्ने प्रयास गरेका थिए । त्यसबेला साविकको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजित हुँदा आचार्य माधव नेपालतिर उभिएका थिए । एमाले विभाजन नहुँदा आचार्यको पक्षमा २४ सांसद थिए भने निवर्तमान मुख्यमन्त्री राईको पक्षमा २६ सांसद थिए । यसअघिका दुई वटा प्रयास बिफल भएपनि तेस्रो प्रयासमा आचार्य मुख्यमन्त्री बने । बाँकी पृष्ठ २ मा

# कामदारको श्रम स्वकिृति निकाल्न विचौलियालाई हतार संस्थागत प्रक्रियालाई चुनौती

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० भदौ

वैदेशिक रोजगार ऐनले वैदेशिक रोजगारीमा पठाउने कामलाई संस्थागत गराउने प्रयास गरेपनि केही विचौलिया संस्थागत प्रक्रियालाई छलेर श्रम स्वीकृति निकाल्ने धन्दामा लागेको खुलासा भएको छ ।

संस्थागत प्रक्रियालाई छलेर श्रम स्वीकृति निकाल्ने धन्दामा रहेका विचौलियाहरुले वैदेशिक रोजगार कार्यालय ताहाचलका केही कर्मचारीहरुलाई समेत प्रभावमा पार्ने प्रयास गरिरहेको देखिएको छ ।

वैदेशिक रोजगारीमा जाने कामदारको सुरक्षाका लागि भन्दै सरकारले आफुहरुसँग करोडौं रुपैयाँ धरौटी लिएर इजाजत दिइरहेको अवस्थामा संस्थागत प्रक्रियालाई छलेर व्यक्तिगत भिसाको नाममा श्रम स्वीकृति निकाल्न विचौलियाहरुको चलखेलले आफुहरुलाई आक्रोशित बनाएको वैदेशिक रोजगार व्यवसायीहरुको भनाइ छ ।

ललितपुरको बालकुमारीस्थित महागढी ओभरसीज प्रा.लि.ले गत चैत शुरुमा विभागबाट पूर्व स्वीकृति लिएर तोकिएको प्रक्रिया पूरा गरेर सूचना प्रकाशित गरेको डिमाण्ड अन्तर्गतका केही कामदारहरुको श्रम स्वीकृति संस्थागत प्रक्रिया छलेर व्यक्तिगत प्रयासमा भिसा निकालेर अन्तिम श्रम स्वीकृति निकाल्ने चुनौति दिएको सार्वजनिक भएपछि विचौलियाहरुको चलखेलको खुलासा भएको हो ।

उक्त म्यानपावर कम्पनीले आफ्नो कम्पनीले पूर्व स्वीकृति लिई विज्ञापन गरी सबै पक्रिया पूरा गरी कामदार छनोट सूची विभागमा बुझाइसकेको अवस्थामा नारायण पोखरेल र प्रकाश पोखरेल भन्ने व्यक्तिहरुले ताहाचलबाट व्यक्तिगत श्रम स्वीकृति निकालेर कतार पठाउन खोजेको दाबीसहित उनीहरुको कतार जाने प्रक्रिया रोक्न माग गर्दै विभागमा उजुरी दिएको छ ।

म्यानपावर कम्पनीका सञ्चालक आनन्द कुमार चौधरीले विभागमा दिएको उजुरीमा राहदानी नम्बर नै उल्लेख गरेर एमडी जावेद, शेख नुर आलम, रजक मियाँ र एम डी अन्सरुलको संस्थागत प्रक्रिया मिचेर व्यक्तिगत चलखेलमा भिसा निकालिएको दाबी गरिएको छ । व्यक्तिगत प्रयासमा रोजगारीमा जान वैदेशिक रोजगार ऐनले प्रतिबन्ध भने लगाएको छैन । एकाघरको नाता खुलेको स्थानीय तहको सिफारिस भएकालाई मात्र व्यक्तिगत श्रम स्वीकृति दिने प्रावधान विभागले अवलम्वन गर्दै आएको छ । तर विचौलियाहरुको प्रयासमा प्रतिव्यक्ति १५ देखि २० हजार रुपैयाँ लिएर सेटिंगमा व्यक्तिगत श्रम स्वीकृति दिने गरिएको स्रोत बताउँछ ।

विचौलियाहरुको विगबिगी बढेपछि विगतमा वैदेशिक रोजगार कार्यालय काठमाडौंले व्यक्तिगत श्रम स्वीकृतिका लागि स्थानीय निकायको एकाघर परिवारको नाता खुलेको सिफारिस माग्न शुरु गरेको हो । तर १५ हजारदेखि २० हजार घुस पाएपछि सिफारिस नै नभए पनि केही कर्मचारीले श्रम स्वीकृति दिन नहिचकिचाउने स्रोतको भनाइ छ ।

दलालहरूले व्यक्तिगत भिसा पठाउनका लागि बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## काफ्लेलाई महानिर्देशकको जिम्मेवारी



**काठमाडौं/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सहसचिव दिपक काफ्लेलाई वैदेशिक रोजगार विभागको महानिर्देशकको जिम्मेवारीमा पठाएको छ । काफ्लेले बुधबार विभागमा पदवहाली गरी जिम्मेवारी सम्हालेका छन् ।

त्यसअघि उनी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सह-सचिव एवं प्रवक्ताको जिम्मेवारीमा थिए । मन्त्रालयमा आउनु अघि उनी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको महानिर्देशकको जिम्मेवारीमा थिए । बाँकी पृष्ठ २ मा

सांसदहरुको प्रश्न

# दार्चुला घटनामा सरकार किन मौन ?

**काठमाडौं/मस-** गृहमन्त्री बालकृष्ण खाँणले दार्चुलाको जयसिंह धामी बेपत्ता भएको तुइन प्रकरणको छानबिन प्रतिवेदन यथाशीघ्र आउने प्रतिबद्धता गरेका छन् ।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा सदस्यहरुले उठाएको जिज्ञासाको जवाफ दिने क्रममा गृहमन्त्री खाँणले घटनाको मन्त्रालयद्वारा गठित समितिले गम्भीर रुपमा छानबिन गरिरहेको बताए । केही सदस्य काम विशेषले बाहिर जाँदा प्रतिवेदन तयार हुन ढिलाइ भएको समेत बताए ।

गृहमन्त्री खाँणले २०५० देखि अहिलेसम्म उक्त जिल्लामा तुइनबाट खसेर २६ जनाको दुखद निधन भएको बताए । महाकाली नदीमाथिको तुइन हटाएर पुल निर्माणका लागि पनि निर्देशन भइसकेको समितिलाई जानकारी गराए । "नागरिकको ज्यान जोगाउनु राज्यको दायित्व हो, नागरिकको जीवन रक्षाका लागि सरकार हिजो पनि गम्भीर थियो, आज पनि छ र भोलि पनि हुनेछ", उनले भने ।

गृहमन्त्री खाँणले नेपाल प्रहरी निर्मला पन्तको बलात्कारपछि हत्या भएको घटनाको नजिक पुगिसकेको र अनुसन्धानले पूर्णता पाएपछि सार्वजनिक हुने जानकारी पनि गराए ।

बैठकमा सांसदहरुले दार्चुला घटनाको प्रतिवेदन सार्वजनिक गर्न माग गरेका थिए । नेपाली कांग्रेसका मीना पाण्डे र दीलेन्द्रप्रसाद बडूले पनि दार्चुला घटनाका विषयमा सरकारले निडरताका साथ छानबिन गर्नुपर्ने र छिटो सत्यतथ्य सार्वजनिक गर्नुपर्नेमा माग गरे । काँग्रेसकै अमरेशकुमार सिंहले राजनीतिक मिलेमतोका कारण मुलुकमा कालोबजारीका घटना हुने गरेको भन्दै त्यसतर्फ गम्भीर हुन आग्रह गरे ।

नेकपा (माओवादी केन्द्र) का रेखा शर्मा र यशोदा गुरुङ सुवेदीले दार्चुला घटनाको सम्बन्धमा भएको छानबिन प्रतिवेदन सार्वजनिक गर्न भइरहेको ढिलाइले दोषीलाई कारवाही हुने अवस्थामाथि नै आशङ्का उब्जिएको बताएका छन् ।

साँसद सुवेदीले सुरुमा सरकारको पहलकदमी महत्वपूर्ण भए पनि पछिल्लो समयमा कमजोर प्रदर्शन भइरहेको बताइन् । साँसद शर्माले निर्मला पन्तको बलात्कारपछि भएको हत्याका दोषी पत्ता लाग्न नसक्दा समग्र नेपालीको नै शिर निहुरिएको बताउँदै गम्भीर प्रकृतिका घटनामा संवेदनशील हुन गृहमन्त्रीको ध्यानाकर्षण गराइन् ।

प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) का महेश बस्नेतले दार्चुला घटनाका विषय दुई देशबीच छलफल गर्नुपर्ने भए पनि सरकार किन मौन बसेको आरोप लगाए । बस्नेतले भने, "समाजमा केही घटना घट्यो भने प्रहरीको खोजी बाँकी पृष्ठ २ मा

# जयसिंह धामीको परिवारलाई १० लाख रुपैयाँ दिने सरकारको निर्णय

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० भदौ



महाकाली नदी तर्ने क्रममा भारतीय सुरक्षाकर्मीले तुइन चुडाउँदा नदीमा बगेका दार्चुलाका जयसिंह धामीको परिवारलाई सरकारले १० लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने भएको छ ।

बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले धामीको परिवारलाई १० लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको हो । भारतको बाटो भएर सदरमुकाम खलंगा आउने क्रममा तुइनमार्फत महाकाली तर्दा धामी साउन १५ गत महाकालीमा खसेर बेपत्ता भएका थिए । बेपत्ता भइरहेका धामीको खोजी जारी रहेको जनाइएको छ ।

उक्त घटनाको छानविनका लागि सरकारले साउन १७ गते गृह मन्त्रालयका सहसचिव जनार्दन गौतमको नेतृत्वमा ५ सदस्यीय समिति गठन गरेको थियो । समितिले अझै प्रतिवेदन बुझाइसकेको छैन ।

यस्तै मन्त्रिपरिषद् बैठकले नेपाल कानुन आयोगको अध्यक्षमा पूर्व न्यायाधीश जागेश्वर सुवेदीलाई नियक्त गर्ने निर्णय गरेको छ । यसैगरी, राष्ट्रिय योजना आयोगको सदस्यमा पुष्परमण वाग्ले र सोलनी प्रधान सिंहलाई नियुक्त गर्ने निर्णय समेत बैठकले गरेको छ ।

त्यस्तै सरकारले कोरोना भाइरस (कोभिड-१९)विरुद्धको खोपलाई नेपालमा क्लिनिकल ट्रायल गर्न अनुमति दिने निर्णय गरेको छ । मन्त्रिपरिषद् बैठकले कोभिड-१९ विरुद्धको एमआरएनए खोप तथा हैजाको खोपलाई क्लिकट ट्रायल गर्न अनुमति दिने निर्णय गरेको सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिए ।

चिनियाँ कम्पनीले नेपालमा देउराली जनता फार्मास्यूटिकल्ससँगको सहकार्यमा खोपको परीक्षण गर्ने छ । खोपको ट्रायलपछि चिनियाँ कम्पनीले नेपालमै उत्पादन समेत गर्ने तयारी गरेको बताइएको छ । हैजाको खोपको ट्रायल भने दक्षिण कोरियास्थित इन्टरनेशनल भ्याक्सिन इन्स्टिच्युट (आईभीआई)ले गर्न लागेको जनाइएको छ ।

# रौतहट पत्रकार प्रकरण : पत्रकार महासंघको टोलीले शुरु गऱ्यो छानविन



**इस्त्याक अहमद/मध्यान्ह**
रौतहट, १० भदौ

प्रहरी सगंठनलाई नै कलंकित बनाउने गरी रौतहटमा भएको घटनाको सम्बन्धमा छानविन गर्न उच्चस्तरीय टोली रौतहटमा पुगेको छ । गएको साउन ३२ गते राति करिब ८ बजेको समयमा नेपाल प्रहरीको उच्च अधिकारीहरुको निर्देशनमा समाचारको रिस साध्नका लागि प्रतिबन्धित लागूऔषध मोटरसाइकलमा राखेर पत्रकारलाई फसाउने कार्यको सत्य तथ्य बुझ्न गृह मन्त्रालयले गठन गरेको उच्चस्तरीय छानविन टोली, नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयको उच्चस्तरीय टोली र राष्ट्रिय मानव अधिकार आयोगको टोली रौतहटको सदरमुकाम गौर पुगेर घटनाको विषयमा छानविन शुरु गरेको हो ।

नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यसमितिका बरिष्ठ उपाध्यक्ष रमेश बिस्टको नेतृत्वमा आएको टोलीले रौतहटका पत्रकारहरुसँग भेटघाट गरी घटनाको सम्बन्धमा जानकारी लिएको छ । नेपाल पत्रकार महासंघ रौतहट शाखामा भएको भेलामा टोलीले सामूहिकरुपमा छलफल गरेका हुन् ।

छलफल पछि सम्बोधन गर्दै बरिष्ठ उपाध्यक्ष बिस्टले जनतालाई सुसुचित गर्ने कलमजीवि पत्रकारलाई राज्य पक्षबाट फसाउने कार्य निन्दनीय रहेको भन्दै घोर निन्दा गरे । पत्रकारिता पेशामा संलग्न रहेका पत्रकारहरुले आफ्नो व्यवहार आचरण बानीमा सुधार ल्याउनु जरुरी रहेकाले आफ्नैबाट यस्ता घटना हुने गरेको भन्दै सचेत भएर कार्य गर्न समेत उनले सझाव दिए ।

अहिले रौतहटको घटनाले पत्रकारप्रतिको सुरक्षा चुनौती थपिएको भन्दै उनले घटनामा संलग्न भएकालाई कानुनी दयारामा ल्याउन महासंघ एक कदम पनि पछि नहट्ने प्रतिबद्धता जनाए ।

पत्रकारहरुको हकहित भौतिक सुरक्षा प्रति महासंघ गम्भीर भएकोले दोषी देखिएका जिल्ला प्रहरी कार्यालयका प्रमुख अधिकृतदेखि जवानहरुलाई कारबाही गराउन प्रधानमन्त्री, गृहमन्त्री लगायतका सम्बन्धित निकायमा दबाव दिने उनको भनाइ थियो ।

महासचिव रोशन पुरीले पत्रकारलाई फसाउने पत्रकारको संलग्नता देखिनु दुखद भएको टिप्पणी समेत गरे ।

उनले महासंघको गरिमामा आँच पुऱ्याउने कार्य गर्ने पत्रकारलाई महासंघले कारबाही गर्न पछि नहट्ने चेतावनी समेत दिए ।

छलफलमा सहभागी भएका केन्द्रीय सदस्य शिव पुरी, प्रदेश सदस्य शैलेन्द्र झा रौतहट जिल्ला अध्यक्ष प्रेमचन्द्र झा, जिल्ला सचिव मदन ठाकुर, पुर्व अध्यक्ष शैलेन्द्र कुमार गुप्ता, वरिष्ठ पत्रकार विनयलाल दास, पत्रकार प्रभात कुमार झा, फनिदेव महत लगायतका रौतहटका सम्पुर्ण संचारकर्मीहरुले पत्रकार मोहमद मोजिबुल्लाहलाई लागूऔषध मुद्दामा फसाउने घटनामा प्रहरी उपरीक्षक शिद्धि विक्रम शाह, प्रहरी नायव उपरीक्षक नारायण प्रसाद चिमोरियाको प्रत्यक्ष संलग्नता देखिएकोले निलम्बन मात्र नगरी कानूनी कारबाही गरिनु पर्ने माग गरे ।

घटनाको दोषी जो कोही भए पनि कानूनी दयारामा ल्याउन केन्द्रीय टोलीले पहल गर्नुपर्ने उनीहरुले आग्रह गरेका छन् । घटनाको विषयमा छानविन गर्नका लागि एसएसपीको नेतृत्वको प्रहरीको उच्चस्तरीय टोलीले घटनाको बारेमा अनुशन्धान गर्न शुरु गरेको छ ।

### दश....

टोपबहादुर रायमाझीलाई जिम्मेवारी दिएको छ । ८ भदौमा एमालेको स्थायी कमिटी बैठकले पार्टीको सबै संरचना २०७५ जेठ २ गते अवस्थामा फर्काउने निर्णय गरेको थियो । दश बुँदे कार्यान्वयनमा समस्या आएमा उपाध्यक्ष भीम रावल, उमहासचिवद्वय पौडेल र घनश्याम भुसाल, स्थायी कमिटी सदस्य सुरेन्द्र पाण्डे र लेखराज भट्टसहितको सहजीकरण गर्नका लागि कार्यदल गठन गरेको छ । एमालेले पार्टीको १०औं राष्ट्रिय महाविधेशन आगामीमङ्सिर १० देखि मङ्सिर १३ गते र विधान अधिवेशन आगामी असोज ४ गतेदेखि असोज ६ गतेसम्म गर्ने निर्णय गरेको छ । एमालेले आगी कात्तिक ६ गते वडा अधिवेशन र कात्तिक ९ गते पालिका अधिवेशन गर्ने भएको छ ।

### नामै...

आचार्यले प्रदेश प्रमुख सोमनाथ प्यासीसँग बिहीबार नै शपथ लिए । मुख्यमन्त्रीमा नियुक्त भएसँगै आचार्यले एक महिनाभित्र विश्वासको मत लिनुपर्नेछ । प्रदेश-१ मा ९३ सदस्यीय प्रदेशसभा छ । अर्थात् विश्वासको मत लिइरहँदा आचार्यले ४७ मत पाउनुपर्ने हुन्छ । यो प्रदेशमा एमालेको मात्रै ५१ सांसद छन् । ५१ मध्ये एक जना सभामुख छन् भने एक जना फौजदारी मुद्दा लागेकाले फरार छन् । यसकारण एमालेसँग ४९ सांसद छन् । अर्थात् दुई सांसद मात्रै माधव नेपालको पक्षमा उभिए भने आचार्यले विश्वासको मत पाउने अवस्था छैन ।

राजेन्द्र राई, कृष्णकुमारी राई, राजन राई र गणेश काङमाङ नयाँ पार्टीमा उभिसकेका छन् । यसर्थ अहिलेकै समीकरणमा आचार्यले विश्वासको मत पाउने अवस्था छैन ।

### नामै नराखी विदा

आचार्य मुख्यमन्त्री बनेसँगै राई मुख्यमन्त्रीबाट विदा भएका छन् । उनले साढे तीन वर्ष सरकार चलाए पनि प्रदेशको नामाकरण समेत गर्न सकेनन् । राजनीतिक दबाब र नाममै बिवाद देखिए पछि राईले समय सार्दै प्रदेशको नामाकरण गर्न सकेका थिएनन् । अव यो जिम्मेवारी आचार्यको काँधमा आएको छ ।

राईले आफ्नो कार्यकाल उपलब्धिपूर्ण भएको दावी गरे । तर उनी सँधै संसदभित्र आलोचनामा परेका थिए । अढाइ वर्ष पछि स्थायी राजधानी बिराटनगर तोकका राईले नामाकरण भने गर्न सकेनन् । यो प्रदेशको नामाकरण सगरमाथा, कोसी, किरात, लिम्बुवान प्रस्तावित छ ।

### कामदारको...

खाडी मुलुकका राजदूतावास नै सेटिङ गर्ने गरेको कतिपयको विश्लेषण छ । विगतमा ५ हजार मासिक तलव भएकाले मात्र व्यक्तिगत प्रयासमा भिसा पठाउन सक्ने प्रावधान ल्याएपछि विचौलियाहरुले स्थानीय निकायको पत्र समेत कीर्ते बनाएर दूतावासका कर्मचारीलाई प्रभावमा पार्ने गरेको समाचार पटक पटक सार्वजनिक हुने गरेका छन् ।

### काफ्लेलाई

गत बैशाख ५ गते विभागको महानिर्देशकको जिम्मेवारीमा आएका विभागका तत्कालीन महानिर्देशक कृष्ण प्रसाद दवाडीले उमेरहदका कारण भदौ ४ गतेबाट सेवाबाट अवकास लिएपछि महानिर्देशक पद रिक्त रहेको थियो ।

### सांसदहरूको...

किन हुँदैन, सामाजिक अभियन्ता र युट्युवरको खोजी हुन्छ किन ? कानून कार्यान्वयन गर्ने निकाय कहाँनिर चुक्यो, गम्भीर हुनुपर्ने बेला आएको छ ।”

समितिका सदस्य नेकपा (एकीकृत समाजवादी) का झपटबहादुर रावलले दार्चुला घटनामा जयसिंह धामी बगेको नभइ बगाएको र खसेको नभइ खसाइएको हो, भने । उनले खुला सीमानाका कारण नेपालमा आपराधिक गतिविधि बढ्दो रहेको दाबी गरे । नेपाल मजदुर किसान पार्टीका प्रेम सुवालले दार्चुला घटनाको छानबिन प्रतिवेदन सार्वजनिक गर्न ढिलाइ भएको प्रति असन्तुष्टि व्यक्त गरे ।

# मूल्यवृद्धि र कालोबजारी गर्नेलाई कारवाही गर्न निर्देशन

**काठमाडौं/मस-** प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले चाडपर्वका बेला अत्याधिक उपभोग हुने दैनिक उपभोग्य सामग्रीको अस्वभाविक मूल्यवृद्धि, कालोबजारी तथा जनस्वास्थ्यलाई खेलवाड गर्ने र गुणस्तरहीन खाद्य सामग्री बिक्री वितरण गर्नेविरुद्ध कडा कारवाही गर्न सरकारलाई निर्देशन दिएको छ । गृहमन्त्री बालकृष्ण खाँणको उपस्थितिमा बिहीबार बसेको समितिको बैठकले म्याद सकिएका अखाद्य वस्तु, पुनःमिति राखी बिक्री वितरण गर्नेलगायत गैर कानुनीकार्य नियन्त्रणका लागि अन्य सरकारी निकायको समन्वयमा बजार अनुगमन गर्न पनि आग्रह गरेको छ । यस्ता कार्यमा दोषी देखिएकालाई कारवाहीको दायरामा ल्याउन समेत समितिले सरकारलाई निर्देशन दिएको छ ।

समितिका सभापति शशी श्रेष्ठले आवश्यक परे कानुन संशोधन गरेरै भए पनि कारवाहीको दायरामा ल्याउन भनेको बताइन् ।

बैठकले दार्चुला ब्यास गाउँपालिका-२ का तुइन तर्ने क्रममा खसेर जयसिंह धामी बेपत्ता भएको घटना प्रकरणमा समितिको गम्भीर ध्यानाकर्षण भएको र सत्यतथ्यसहितको प्रतिवेदन यथाशीघ्र सार्वजनिक गर्न पनि निर्देशन दिएको छ । समितिले पीडित परिवारलाई उचित राहतको व्यवस्था गर्न पनि आग्रह गरेको छ ।

त्यस क्षेत्रको स्थानीय बासिन्दाको सुरक्षाका साथै पुल, मोटरबाटोलगायत आवश्यक पूर्वाधारको यथाशीघ्र निर्माण गर्न पनि निर्देशन दिएको सभापति श्रेष्ठले जानकारी दिइन् । समितिले दार्चुलादेखि तिङकरसम्मको सडक तत्काल निर्माण गर्न, तुइन विस्थापित गरी झोलुङ्गे तथा पक्की पुलको व्यवस्था गरी त्यहाँका बासिन्दालाई खाद्यान्न र औषधिको आवश्यक व्यवस्था गरी जनजीवन सामान्य बनाउन पनि सरकारलाई अनुरोध गरेको छ ।

यस्तै कञ्चनपुरकी निर्मला पन्तको विसं २०७५ साउन १० गते बलात्कारपछि हत्या भएको तीन वर्ष बितिसक्दा पनि सत्यतथ्य बाहिर नआउनु दुखद भएको उल्लेख गर्दै समितिले सत्यतथ्यका आधारमा घटनामा संलग्न व्यक्तिलाई कारवाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिएको छ । बालिका तथा महिलामाथि हत्या, हिंसा र बलात्कारजस्ता घटना नियन्त्रण र अपराधीलाई समयमा कारवाही गर्न नसक्दा मानवताविरुद्धका घटना बढ्दै गएको सन्दर्भ जोड्दै समितिले त्यस्ता घटनाको नियन्त्रण र संलग्नलाई हदैसम्मको कारवाही गर्न आवश्यक व्यवस्था मिलाउन पनि गृह मन्त्रालयलाई निर्देशन दिएको छ ।

**बझाङ डायरी**
तरुणा जोशी/मध्यान्ह

# पालिकास्तरीय स्वास्थ्य कार्यक्रमहरुको वार्षिक प्रगति समीक्षा शुरु



जिल्लाका बिभिन्न पालिकाहरुकाबाट सञ्चालन भएका स्वास्थ्य कार्यक्रमहरुको बार्षिक प्रगति समीक्षा तथा योजना तर्जुमा गोष्ठी शुरु भएको छ । जिल्ला स्वास्थ्य कार्यालय बझाङको आयोजनामा बझाङका १२ वटा स्थानीय तहहरुबाट प्रवाह भएका स्वास्थ्य सेवाहरुको बारेमा प्रगति समीक्षा गरिनुका साथै योजना तर्जुमा गरिने भएको छ ।

दुई दिन सम्म चल्ने बार्षिक प्रगति समीक्षा कार्यक्रम आर्थिक बर्ष ७७-७८ मा भए गरेका सफल कामहरु, हुन नसकेका कामहरुको बारेमा पालिकास्तरीय समीक्षा भइरहेको छ । जिल्ला स्वास्थ्य कार्यालय बझाङका प्रमुख भानु जोशीले जिल्लामा स्वास्थ्य क्षेत्रमा गएको बर्ष भएका उपलब्धी, सफल अभ्यासहरु र हुन नसकेका कामहरु र हुन नसक्नु कारण सहित आगामी दिनहरुमा सुधार गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरेको बताए ।

उनले सबै भन्दा राम्रो काम गर्ने तीन वटा पालिकाकालाई सम्मान गर्ने समेत बताए । पछिल्लो समयमा जिल्लाको स्वास्थ्य अबस्थाका बारेमा जानकारी दिदै प्रमुख जोशीले कोरोना संक्रमणको अग्रभागमा रहेर स्वास्थ्यकर्मीहरुले गरेको कामको प्रशंसा गरेका थिए । उनले अझैं पनि स्वाथ्य कर्मीहरुलाई खटेर लाग्न आग्रह समेत गरेका थिए ।

उद्धाटन समारोहमा बिभिन्न पालिकाहरुको संक्षिप्त प्रस्तुति गरिएको छ भने १२ वटै स्थानीय तहका स्वास्थ्य संयोजकहरुको सहभागितकामा दुई दिन सम्म सबै पालिकाहरुको प्रस्तुति रहने र आगामी आर्थिक बर्षको योजना तर्जुमा समेत गरिने भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि रहेका जिल्ला समन्वय समितिका संयोजक खडक बहादुर खड्काले पछिल्लो समयमा कोरोना संक्रमणको अग्रभागमा रहेर स्वास्थ्यकर्मीहरुले गरेको योगदानको प्रसंसा गर्दै तेस्रो लहरको कोभिडको तयारी अबस्थामा रहन समेत आग्रह गरे । कार्यक्रममा बोल्दै नगरपालिका स्वास्थ्य प्रमुख जनक सिंहले स्वास्थ्यकर्मीले कोरोनाको महामारीमा दिन रात परिवार नभनि खटेको समयमा हौसला सहित, सुरक्षा दिनुपर्नेमा प्रहरीले स्वास्थ्यकर्मी माथि हस्तक्षप गरेको गुनासो गरेका थिए । कोभिड साम्रगी लिएर जादै गर्दा प्रहरीले स्वास्थ्यकर्मी माथि हस्तक्षप गरेको उल्टै पत्रकारले स्वास्थ्यकर्मीकै गल्ति देखाएर बिभिन्न माध्यममा छापेको भन्दै पत्रकारले सत्यतथ्य बुझेर मात्र कलम चलाउनुपर्ने बताएका थिए । कार्यक्रममा अधिकांश बक्ताहरुले कार्यक्रम प्रभाबकारी भएको र पहिलेको भन्दा अहिले स्वास्थ्य क्षेत्रले राम्रो फड्को मारेको बताएका छन् ।

# बझाङका एकै पविारका तीन जनाले गरे भारतमा आत्महत्या



बझाङको केदारस्युँ गाउँपालिका वडा नम्बर १ स्थित विलिबगर छिनापानीका तीन जनाको झुण्डीएर बिहीबार मृत्यु भएको छ ।

भारतको तामिलनाडुस्थित कैमुतुर जिल्लाको माधपाठीमा रहेर काम गर्दै आएका श्रीमान श्रीमतीबीच सामान्य झगडा हुँदा आमाले एक छोरा र एक छोरी आफुसंगै झुण्ड्याएर आत्महत्या गरेको उनका आफन्तले बताएका छन् । बझाङको केदारस्युँ गाउँपालिका वडा नम्बर १ स्थित विलिबगर छिनापानी स्थायी घर भएका राजकुमार भण्डारीकी २४ बर्षिया श्रीमती धौलीदेवी भण्डारी, उनका एक बर्षका छोरा र तीन बर्षकी छोरीको मृत्यु भएको हो ।

आफू बस्ने कोठाभित्र रहेको पंखामा झुण्डीएर बिहिबार बिहान ११ बजे तिर आत्महत्या गरेको भारतमा नजिकै बस्दै आएका मृतकका आफन्त दिनेश रावलले बताए । काम गर्ने शिलसिलामा २ बर्ष अगाडि श्रीमान श्रीमती भारत गएका थिए । उनीहरु भारतमा गाई फर्ममा संगै काम गर्दै आएका थिए । मृतक धौलीदेवी भण्डारी बिरामी भएको बेला श्रीमानले काम गर्न जाउ भन्दा सामान्य झगडा भएको थियो । झगडा भई काम गर्न गाईफर्म गएका श्रीमान कामबाट फकिएपछि कोठाको ढोकामा चुक्कुल लगाईएको थियो । चुक्कुल नखोलेपछि झ्यालबाट हेर्दा झुण्डीएको अवस्थामा देखेको मृतकका श्रीमान राजकुमार भण्डारीले बताए । ८ महिना अगाडि राजकुमार भण्डारीका बुवाको कोरोना लागेर सोही ठाउँमा मृत्यु भएको थियो ।

# साउनमा दैनिक १२६ आपराधिक घटना

**काठमाडौं/मस-** नेपालमा साउन महिनामा मात्र दैनिक १ सय २६ वटा आपराधिक घटना घटेको पाइएको छ । चालू आवको साउनमा मलुकभर तीन हजार ९१६ अपराधका घटना भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । कार्यालयका अनुसार सबैभन्दा बढी सामाजिक अपराधका ८९१, ज्यानसम्बन्धीका ७१८, आत्महत्याका ५०२, चोरीका २९६, सङ्गठित/आर्थिक अपराधका ५४४, महिला बालबालिका विरुद्ध ४६६, सवारीसम्बन्धी १३२ मुद्दा दर्ता भएको छ । एक महिनाको प्राप्त तथ्यांकअनुसार दैनिक १२६ आपराधिक घटना भएको छ ।

यसैगरी हातहतियार तथा खरखजानासम्बन्धी २५, बाल यौन दुराचारका २५, अपहरण वा शरीर बन्धकका १४, मानव बेचबिखन तथा ओसारपसारका १७ मुद्दा दर्ता भएको जनाइएको छ । गत साउन महिनामा दर्ता भएका कूल तीन हजार ९१६ आपराधिक घटनामा ४ हजार ९०२ अभियुक्त संलग्न रहेका छन् । अपराधमा संलग्नमध्ये तीन हजार ७१६ पक्राउ परेका छन् । एक हजार १८६ फरार छन् । एक महिनामा अदालतबाट सजाय तोकिएका एक हजार ११९ फरार प्रतिवादी पक्राउ परेका छन् । उनीहरुबाट जरिवानाबापत रु ११ करोड ३० लाख ४९ हजार असुल भएको छ । एक महिनामा कूल रु ३६ करोड ४७ लाख ६५ हजार राजश्व संकलन भएको प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरले जानकारी दिए ।

एक महिनामा एक हजार ८१८ सवारी दुर्घटनामा १६० को मृत्यु भएको छ भने ५४० गम्भीर घाइते भएका छन् । औसतमा प्रतिदिन ५८ सवारी दुर्घटना भएको तथ्यांकले देखाएको छ । एक महिनामा कूल ३६१ लागुऔषधसम्बन्धी मुद्दा दर्ता भएकोमा ५५६ मानिस पक्राउ परेका छन भने ३३५ किलो गाँजा र १९ किलो चरेश बरामद भएको छ ।

# नेपालका 'प्याड मेन' ज्ञानरत्न महर्जन

## ■ 'समाज परिवर्तन गर्न पुरुषलाई रजश्वलामा लगाउने प्याड बेच्नुपर्छ'

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
ललितपुर १०, भदौ

ज्ञान (मन वा आत्मालाई हुने कुनै विषयको बोध, लौकिक वा पारलौकिक विषयको जानकारी) यो सरल नाम भएका एक कर्मशील र सरल युवा हुन् भैसेपाटीका ज्ञानरत्न महर्जन, नाम जस्तै सरल उनी महिला अधिकार र रजश्वलाको कुरा गर्छन् । जो कोही उनको कुरा सुन्दा अझ सुनिरहन मन गर्छन् ।

पुरुष भएर पनि महिलाको रजश्वलाको कुरा गर्न सुहाउँछ त तपाईंलाई ? भन्ने मध्यान्हको प्रश्नमा उनी भन्छन्, 'यो त गरेपछि सुहाउने हो । हामी पुरुषहरु महिलाहरुसँग सहवास मात्र गर्छौं तर महिलाको महिनावारी र महिनावारीको समयमा सरसफाईको बारेमा कहिल्यै बुझेनौं ।'

कुनैदिन घर जानलाई तिन रुपैयाँ पैसा नभएर भोकै अफिसमा अनिदो रात बिताएका उनको कहानी सुन्ने नै हो भने कुनै चलचित्रको कथा भन्दा कम छैन । उनी यतिकै समाजमा केही गर्छु भनेर लागेका हैनन् । विशेष गरी घरभित्रै हुने महिला हिंसा, सार्वजनिक स्थलमा हुने हिंसा, विद्यालयमा छात्रा साथीहरूमाथि भएका हिंसा, उनीहरूलाई पुरुषहरूको झुण्डले जिस्क्याउने रमहिला साथीहरु महिनावारीका बेला विद्यालयभित्रै असुरक्षित महसुस गर्ने उनीहरूको त्यस्तो किसिमको असहजताले भित्रैदेखि तान्यो । उनी भन्छन् समाज बुझ्न म समाजसेवा गर्छु भनेर मात्र पुग्दैन । सन् २००७ तिर उनले महिलामाथि हुने हिंसाविरुद्ध काम गर्न थाले । सन् २०११ देखि विशेष गरी महिलामाथि गरिने यौनजन्य हिंसा अर्थात यौनदुराचार र दुर्व्यवहारविरुद्ध काम गर्न थाले । काम गर्दै जाँदा लैंगिक हिंसाविरुद्ध काम गर्ने धेरै संघसंस्था थपिए । जब सन् २०१४ मा जर्मनका संघसंस्थाहरुले महिनावारीसँग सम्बन्धित हिंसाको बारेमा बोल्न थाले तब हामीले पनि सन २०१५ को अन्त्यतिर नेपालमा पनि महिनावारीका विषयमा पो काम गर्नुपर्छ भन्ने उनलाई लाग्यो ।

हामी पुरुष प्रधान देशको नागरिक । प्राय घरमा आवश्यकताको सामान पुरुषले किन्ने वा जोहो गर्ने देखेका उनले यदि प्याडबारे पुरुषले बुझ्ने हो भने यो पनि घरमा आवश्यक सामानमध्येमा एक पर्छ र महिनावारीका बेला महिलामा हुने विभेद केही हदसम्म अन्त्य हुन्छ भन्ने सोचे । घरमा आवश्यक नुन पुरुषले किन्न हुन्छ महिलाले रजश्वलामा प्रयोग गर्ने प्याड किन्न हुँदैन ? उनि प्रश्न गर्छन् । यस्ता सामानलाई अत्यावश्यकीय सामग्रीको सूचीमा राख्नुपर्ने उनको मान्यता छ ।

सुरुमा त निकै समस्या भयो । महिलाले महिनावारी हुँदा के प्रयोग गर्छन् भन्ने नै बुझ्न केही समय लाग्यो । महर्जन भन्छन्, 'मलाई 'एक्ज्याक्ट' महिनावारी हुँदा हुने प्रक्रियाको बारेमा थाहा थिएन । अनि मैले पहिलो पल्ट आमालाई सोधें । सुरुसुरुमा त आमा हास्नु हुन्थ्यो, के कुरा सोधिराख्या यस्तो ? भनेर पन्छाउनु हुन्थ्यो । के किन जस्ता प्रश्न पनि नआएका होइन तर पछि पछि म आफ्नो कुरामा अडिग भएपछि मेरो भिजन बताएपछि आमाले पनि यसबारेमा जानकारी दिएर सहयोग गर्नुभयो । सबैभन्दा सहज मलाई मेरी श्रीमतीसँग भयो । उसैबाट सबैकुरा म बुझ्न थालें, अहो यस्तो बारेमा हामीले केही गर्नै पर्छ भन्ने भयो ।'

उनले अगाडि सुनाए, 'त्यसपछि प्याडको बारेमा कन्सेप्ट तयार भयो । हामीले शुरुमा कपडा काटेर प्याडको आकार दियौं, त्यो सिक्दै गरेका प्याड ९० जना महिलालाई निःशुल्क बाँड्यौं । त्यसपछि हामीले प्याडलाई कसरी अड्काउन सकिन्छ भनेर साथीहरु बसेर अनुसन्धान गर्‍यौं त्यसमा 'च्यारच्यारे' थप्यौं । प्रयोगकर्तासँग प्रतिक्रिया लिंदा त्यसले घाउ बनाएको गुनासो आयो । धेरै सोचिसकेपश्चात चिया गफको सिलसिलामा टेवलमा एउटा क्लियर ब्याग र त्यसभित्र केही कागजपत्र थियो । रातो बटममा आँखा टक्क अडियो । र त्यही बटम प्रयोग गर्ने कन्सेप्ट बन्यो ।





बजारमा त्यस्तो सामान कतै पाइएन जो चाइनिज सामान थियो । हामीले एक इन्द्रचोकका ब्यापारीसँग चाइना जाँदा ल्याइदिन भन्यौं, एडभान्स पैसा पनि दियौं । केही महिनापछि सामान आयो हामीलाई एउटा युद्ध जितेको अनुभुति भयो ।'

बजारमा महिलाहरु स्वयं प्याड किन्न हिच्किचाउने गरेको देखेका उनी आफैं प्याड बोकेर प्रयोग गर्ने विधि सिकाउँछन् । यो प्राकृतिक प्रक्रियालाई लजाएर होइन जनचेतना फैलाएर संकोचपुर्ण व्यवहार आफैंबाट बदल्नुपर्नेमा उनी जोड दिन्छन् । तर, महर्जन भने आफैंले प्याड बनाएर बाँड्ने समेत गर्छन् । एक्सपोज नेपाल (सम्मानजनक महिनावारीको कुरा गर्नुहोस्)का अध्यक्ष समेत रहेका महर्जनले संस्थामार्फत महिलाहरुलाई प्याड बनाउने तालिम पनि सञ्चालन गरिरहेका छन् । उनले उपत्यका लगायत नेपालका विभिन्न जिल्लामा गएर ६ हजार ७ सय जनालाई तालिमसहित जनचेतना पनि फैलाउने काम गरिसकेका छन् । 'पहिलो पल्ट बारा जिल्लामा गएर पुरुषहरुलाई हजारौं प्याड बाड्यौं,' उनी भन्छन्, 'पुरुषहरुलाई महिलाको महिनावारी सम्बन्धी चेतना दिनसक्यौं भने ९० प्रतिशत महिनावारीका बेला गरिने हिंसा कम हुन्छ, त्यति मात्र होइन पचास प्रतिशत महिलाको पीडा पनि कम हुन्छ । त्यसैले पुरुषहरुलाई प्याड बेच्नुपर्छ ।'

महिनावारी हुँदा प्रयोग गर्ने बजारिया प्याड पुनः प्रयोग गर्न मिल्दैन तर, महर्जनले बनाएको प्याड धोएर धेरै पटक प्रयोग गर्न मिल्छ । अहिले उनी प्याडलाई अति आवाश्यक साधन हो भनेर बुझाउँदै हिँडेका छन् । साथीभाइको जमघट होस् या सभासम्मेलन प्याड आवश्यक साधन भएको र महिनावारीबारे खुलेर कुरा गर्नुपर्ने महर्जन बताउँछन् । त्यसका लागि पुरुषहरुले साथ दिनै पर्ने उनको भनाइ छ ।

सरकारले अहिले प्रत्येक विद्यालयमा निःशुल्क प्याड बाँडिरहेको छ । करोडौंको प्याड किनेर बाँड्नुभन्दा सरकारले हामीजस्ता संस्थालाई सहयोग गर्‍यो भने हामीले तालिम दिएर उनीहरुलाई आफैं प्याड बनाउन सक्षम बनाउन सक्छौं ।

उनले अहिले ६० जना महिलालाई रोजगार दिएका छन्, त्यस्मा अधिकांश एकल महिला छन् । पहुँचविहीन त्यस्ता महिलालाई सरकारको त उपेक्षा छ नै त्यस्ता महिलाहरुको रोजीरोटीको पनि हाम्रो संस्थाले ख्याल गरिरहेका छन् । अझ उनीहरुलाई महिनावारीको समय एकदिन संस्थाले तलवसहितको बिदा समेत दिने गरेको महर्जन बताउँछन् ।

पाटन-८ गुईटोलका ४० वर्षीया मिना मर्हजन घर गृहिणी हुन् । उनी फुर्सदमा यही काम गर्छिन्, महिनामा १८/२० हजार कमाउँछिन् । त्यस्तै नख्खुका ४१ वर्षीया स्रुति महर्जन पनि यही काममा खुसी छिन् । आफुलाई आवश्यक परेका बेला पैसाको खाँचो नहुने उनी बताउँछिन् । अझ सरकारले यस्तो व्यवसायलाई प्राथमिकता दिनुपर्नेमा उनी जोड दिन्छिन् । रोजीरोटीको लागि यसले धेरै टेवा पुर्‍याएको उनको भनाइ छ ।

अहिलेसम्म हाम्रो समाजमा प्याडलाई लज्जाको विषय बनाइएकाले सबै मिलेर यसलाई चिर्नुपर्ने र आफ्ना दिदिबहीनी, आमा, श्रीमतीको आवश्यकतामा साथ दिनु पुरुषको कर्तव्य भएको बताउँदै यसलाई लाज भन्दापनि महिलामा हुने सामान्य प्रक्रियाको रुपमा बुझाउन आवश्यक रहेको उनको भनाइ छ ।

पहिलो कोरोनामा राम्रै भैरहेको प्याडको व्यवसाय दोस्रो लहरले थला परेको ज्ञान महर्जन बताउँछन् । उनी भन्छन्, 'उत्पादित प्याड नेपाल लगायत फ्रान्स र हङकङ पनि पुग्छन् यो कोरोना नआएको भए जर्मन र अमेरिका पनि पुग्ने थियो ।' महिलाको महिनावारीको समयलाई मध्यनजर गरी बनाइएको प्याड बट्टामा ४ वटा हुन्छन् । यो ३ वटा साइजमा उपलब्ध छ । मेडिएम, लार्ज, एक्सल क्रमशः ६४०, ६८०, ७२० रुपैयाँमा बिक्री हुन्छ भने यो प्याड २ वर्ष सम्म टिक्ने उनी बताउँछन् । सरकारको २६(१३+१३) प्रतिशत भ्याटले गर्दा अलि महँगो भएपनि टिकाउ हुने र सरकारले भ्याट छुट गरे २६ प्रतिशत कममा बेच्न सकिने बताउँछन् । बेचिएका प्याडबाट नाफाको ४० प्रतिशत विशुद्ध समाज सेवाका लागि एक्सपोज नेपाललाई र ६० प्रतिशत च्यारिटी सपलाई हुने उनले बताए ।

महर्जन सकेसम्म बजारिया प्याडलाई विस्थापित गर्नुपर्नेमा जोड दिन्छन् । उनी भन्छन्, 'नेपालमा प्याड उत्पादन नहुँदा भारत तथा अन्य देशबाट केमिकलयुक्त प्याड आयात भइरहेको छ । जुन मानव स्वाथ्यका लागि एकदमै हानिकारक छ । अर्को कुरा केमिकलयुक्त प्याडले वातावरणीय स्वास्थ्यमा असर गर्छ, त्यतिमात्र हैन विदेशबाट आउने प्याड एकपटक प्रयोग गरसकेपछि अर्कोपटक प्रयोग गर्न मिल्दैन र यसमा भएको केमिकलले छालामा असर पनि गर्छ, ति प्याड बनाउँदा प्लास्टिकको प्रयोग हुन्छ जुन प्रयोग गरिसकेपछि डिस्पोज हुन कयौं वर्ष लाग्छ । यसले हाम्रो वातावरणमा निकै प्रभाव पार्छ । त्यसैले नेपाली प्याडको प्रयोगलाई वृहत्तर बनाउन जरुरी छ ।'

भारतमा 'प्याड मेन' भन्ने फिल्म बन्यो त्यसले



मलाई अझ थप मद्धत पुग्यो । उनी भन्छन्, 'अहिले सबैले मलाई 'प्याड मेन' भनेर चिन्नुहुन्छ । यसको सबैभन्दा पहिलो श्रेय नागरिक आवाजका पत्रकार श्रीराम पौडेललाई जान्छ । पहिलो पटक २०७४ सालतिर उहाँले मेरो अन्तवार्ता लिनुभएको थियो । त्यो बेला उहाँले तपाईंलाई मैले नेपाली प्याड म्यान भनेर सम्बोधन गर्छु भन्नुभयो मैले सहजै स्विकारें अहिले मेरो परिचयमा प्याड मेनको टाइटल नै थपियो ।'

# कञ्चनपुरबाट प्रभावशाली नेताले साथ दिएनन् नेपाललाई

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, १० भदौ

कञ्चनपुर क्षेत्र नं. ३ का सांसद डा. दिपक प्रकाश भट्ट माधव नेपालको नयाँ पार्टी नेकपा एकिकृत समाजवादी बाहिर बसेका छन् । नयाँ दल दर्ता प्रक्रिया अघि बढेपछि नेपाल समूहका भट्ट बाहिरका थिए ।

सांसद भट्ट सहित सुदूरपश्चिमबाट एमाले उपाध्यक्ष भीम रावल, कैलालीका झपट रावल नयाँ दल बाहिर देखिएका छन् । सुदूरपश्चिममा एमालेभित्र रावलको वर्चश्व रहने गरेको छ ।

सांसद भट्ट यस अघि २०५४ मा एमाले विभाजन हुँदा नेकपा मालेतिर लागेका थिए । विद्यार्थी राजनीतिबाट आएका उनी एमाले वैदेशिक र सुरक्षा मामिलाका जानकार मानिन्छन् ।

कञ्चनपुर क्षेत्र नं. ३ मा एमालेले सांसद भट्टले २३ वर्षपछि जित दिलाएका थिए । एमाले माओवादीको वाम गठबन्धनका उम्मेदवार भट्टले २०५६ सालदेखि निरन्तर सत्ता निकट रहेका कांग्रेसका उम्मेदवार पूर्व मन्त्री रमेश लेखकलाई हराएका थिए ।

२०५१ को मध्यावधि निर्वाचनपछि एमाले कञ्चनपुरमा पराजय व्यहोर्दै आएको थियो । निर्वाचन क्षेत्र नं. १ र २ को तुलनामा ३ नम्बर क्षेत्र एमालेलाई सबैभन्दा चुनौतीपूर्ण हुने गरेको थियो । सांसद भट्टले राजनीतिक रुपमा एमालेलाई अत्यन्न चुनौतीपूर्ण मानिएको ३ नम्बर क्षेत्रमा एमालेलाई जित दिलाएका थिए ।

२०५१ को मध्यावधिमा एमालेले कञ्चनपुरका सबै निर्वाचन क्षेत्र जितेको थियो । अहिले नेकपा एकीकृत समाजवादी भएका पूर्व एमाले नेता उर्वादत्त पन्त मध्यावधि निर्वाचनमा निर्वाचित भएका थिए । उनीसित काँग्रेसका पूर्व मन्त्री एनपी साउँद पराजित भएका थिए ।

एमाले विभाजन भएपछि २०५६ को आम



निर्वाचनमा पन्त लेखकसँग पराजित भएका थिए । त्यसपछि २०६५ को संविधान सभाको पहिलो निर्वाचनमा एमालेका राजेन्द्र सिह रावल र निरुदेबी पाल पराजित भएका थिए । कांग्रेसले चुनाव हार्ने देखेपछि काँग्रेस सभापति शेर बहादुर देउवालाई चुनाव लडाएको थियो । पछि देउवाले क्षेत्र छाडेपछि उप निर्वाचनमा एमाले साँसद पाल पराजित भएकी थिइन् । माओवादी केन्द्रका नेता हरिश ठकुल्ला निर्वाचित भएका थिए ।

कांग्रेसका नेता पूर्व मन्त्री लेखक २०६४ को संविधान सभा निर्वाचनमा समानुपातिक सांसद भएका थिए । देउवाले छाडेपछि कांग्रेसका यज्ञराज जोशी चुनाव लडेका थिए ।

२०७० को दोस्रो संविधान सभा सदस्य निर्वाचनमा फेरि एमालेबाट चुनाव लडे । कांग्रेसका पूर्व मन्त्री लेखक निर्वाचित भएका थिए । उनी निर्वाचित भएपछि भौतिक पूर्वाधार मन्त्री समेत बने ।

चर वर्षपछि भएको आम निर्वाचनमा डा. भट्टले लेखकलाई पराजित गरी उनलाई १८ वर्षे सत्ता यात्राबाट बाहिर पठाएका थिए । लेखक माओवादी शान्ति वार्तामा आएपछि बनेको तत्कालिन प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला नेतृत्वको सरकारमा समेत मन्त्री भएका थिए ।

आम निर्वाचनमा सांसद भट्टले भीमदत्त नगरपालिका र दोधारा चाँदनी नगरपालिकाका कांग्रेसका गढ भत्काएका थिए । स्थानीय तह निर्वाचनमा कांग्रेस निर्वाचित वडामा सांसद भट्टले दबदवा बनाएका थिए । दोधारा चाँदनीमा सांसद भट्टले लेखकको हाराहारी मत पाएका थिए ।

सांसद भट्टलाई बौद्धिक व्यक्तित्व भएको नेताका रुपमा मतदाताले रोजेका थिए । कांग्रेसले सांसद भट्टलाई लेखकसँग तुलना नै गर्न नमिल्ने भन्दै चुनाव प्रचार गरेको थियो ।

सांसद भट्ट नयाँ दलमा नभएपछि पूर्व मालेका नेताहरु एकै साथ देखिने अवस्था आउन सक्ने सम्भावना छ । कञ्चनपुर क्षेत्र नं. २ का सांसद नर बहादुर धामी, सुदूरपश्चिम प्रदेश सभा सदस्य पूर्व राज्यमन्त्री प्रकाश रावल, भीमदत्त नगरपालिकाका मेयर सुरेन्द्र विष्ट लगायतका पूर्व माले धारका नेताहरु एक ठाउँमा हुन सक्ने सम्भावना छ ।

नेपाल समूहका पूर्व राज्यमन्त्री रावल अहिले नयाँ दललाई साथ नदिने निष्कर्षमा पुगि सकेका छन् । भीमदत्तका मेयर विष्टले यस अघि नेपाल समूह छाडेर एमाले संस्थापन भई सकेका छन् । सांसद धामी पहिलादेखि संस्थापनमा छन् ।

नेपाल समूहका सांसद भट्ट पनि नयाँ दलमा नगएपछि पूर्व माले सबै एकै ठाउँमा देखिने आंकलन गरिएको छ । पूर्व उप सभामुख भोजराज जोशी, अनुशासन आयोगका गोविन्द कलौनी, खेम सुवेदी लगायतका नेताहरु अहिले एमाले संस्थापनमा सक्रिय छन् ।

कैलालीकी मदन कुमारी शाह 'गरिमा', कञ्चनपुरका रामकुमार ज्ञवाली, डडेल्धुराकी निरादेवी जैरु र विक्रम शाही र डोटीका प्रेम बहादुर आलेले एकीकृत समाजवादीको पक्षमा सनाखतमा गरेका छन् ।

## सम्पादकीय

### प्रधानमन्त्री नै बन्धक !

मुलुक कठिन परिस्थितिमा गुज्रिहरँदा नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बने । दोस्रो पटक प्रतिनिधिसभा विघटन गर्ने नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली संवैधानिक सजाय खेप्दै प्रतिपक्षी बेञ्चमा धकेलिए सँगै देउवाले शपथ लिएका थिए । २९ असारमा शपथ लिएका प्रधानमन्त्री देउवाले ३ साउनमा विश्वासको मत पाए । तर शपथ लिनु र विश्वासको मत पाउनु बाहेक थप गति लिन सकेका छैनन् । बरू महिना दिनसम्म आफ्नै निजी सचिवालय समेत प्रधानमन्त्री देउवाले बनाउन सकेनन् । बालुवाटारभित्रै मतभेद हुँदा देउवाले निजी सचिवालय बनाउन सकेका थिएनन् । अहिले प्रधानमन्त्री देउवा लगभग गठबन्धनको बन्धक जस्तो बनेका छन् । न सरकारलाई गति दिन सकेका छन्, न राजनीतिक सन्देश दिन सकेका छन् ।

जबकी मुलुकमा यतिखेर नागरिकले अनुभूति गर्न सक्ने प्रधानमन्त्री र सरकार चाहिएको छ । मुलुक कोरोना महामारीको दलदलबाट प्रताडित छ । बाहिर निस्कन सकेको छैन । नागरिकको जीवन संकटमा छ । आर्थिक गतिविधि अवरूद्ध हुन पुग्दा गरिखाने वर्ग निरपेक्ष गरीबीको रेखामुनि धकेलिएका धकेलिएका छन् । उनीहरूका निम्ति राज्यले विशेष प्याकेज नल्याउने हो भने सामान्य अवस्थामा फर्कन सक्ने अवस्था छैन । कोरोना महामारी रोकथामका निम्ति खोपको अर्को विकल्प छैन । तर आवश्यकता र अपेक्षाअनुसार नागरिकले खोप पाउन सकेका छैनन् । सरकारले जति कुटनैतिक पहलकदमी लिनुपर्ने हो, त्यो लिन सकेको छैन ।

तर प्रधानमन्त्री देउवाले भने अहिलेसम्म मन्त्रिपरिषद् बिस्तार गर्न समेत सकेका छैनन् । काँग्रेस र माओवादी केन्द्रका दुई/दुई जना मन्त्रीले प्रधानमन्त्रीसँगै शपथ लिएका थिए । त्यसपछि १० साउनमा प्रधानमन्त्री देउवाले थप एक जना स्वास्थ्य राज्यमन्त्री नियुक्त गरे । बाँकी मन्त्रालय प्रधानमन्त्री देउवा आफैले चलाइरहेका छन् । बरू दल विभाजन सम्बन्धी अध्यादेश ल्याएर प्रधानमन्त्री देउवा आलोचित बनेका छन् । प्रतिनिधिसभाका सभामुख अग्निप्रसाद सापकोटालाई विवादित पारिएको छ । एमालेले कारबाही गरेका १४ सांसदबारे निर्णय कार्यान्वयन नगरी सभामुख बसेका छन् । प्रधानमन्त्री देउवाले आफ्नो सरकार टिकाउन दल विभाजनको साहरा लिएका छन् । सत्ता टिकाउनकै निम्ति दल विभाजन गराउने प्रधानमन्त्रीको कदमलाई इतिहासमा बिर्सनलायक घटना बनेर बस्नेछ । यी सवै परिदृष्यको पछाडि प्रधानमन्त्री बन्न देउवाले जस्तो समीकरणको साथ लिएका थिए, त्यसैको उपज हो । अर्थात्, मुलुक प्रधानमन्त्रीका कारण र प्रधानमन्त्री गठबन्धनका कारण बन्धक बनेका छन् ।

## सामाजिक सञ्जाल


त्यत्रो विशाल पार्टी हुँदाहुँदै अध्यादेशमार्फत २० प्रतिशतले पनि पार्टी फुटाउन सकिने प्रावधानमा टेकि सानो गुटको अध्यक्ष हुन पुगेका माधवकुमार नेपालले ठुलै जित हासिल गरेको जस्तोगरि विजय उत्सव मनाइरहेका छन् । छैन त अचम्म ?

**- शैलेन्द्र थापा**


एमालेमा देखिएको विद्रोहसँगै फुटले निम्त्याएको दुई कित्ता ! जिज्ञासाः केहि पुनः पसे भजन मण्डलीमा त केहि फुटेर अर्कै निर्माण भए भने विद्रोहको ढाँचा फरक–फरक थियो या स्वार्थ पुरा हुने फर्किए/नहुने नयाँ निर्माणमा जुटे कि यी अझै एमालेभित्र नै विद्रोह गर्न बसे ?


**- चन्द्रा श्रेष्ठ**


फ्लोरक्रस र ह्विप उल्लंघन छिनो फानोको विषय हो यो निर्वाचन प्रणालीमा जहाँ प्रजातान्त्रिक पद्धतिको प्रक्रियामा एक व्यक्तिले प्रतिनिधित्व गरेको हुन्छ । भोट किन हाल्नु ? पार्टीहरूले निर्णय गर्छन् भने ! मेरो मतको निर्णय गर्ने अधिकार, त्यो सभामुखलाई छैन !

**- विनोद न्यौपाने**


रामलाई बनबास पठाइयो, कृष्णलाई देश निकाला गरियो, जिससलाई सुलि चडाईयो, सुकरातलाई विष पिलाइयो, बुद्धलाई पागल भनियो, महात्मा गान्धीलाई बौलाहा भनियो र पनि आज सारा विश्व उनीहरूप्रति नै नतमस्तक हुँदा गर्व गर्छ न कि उनीहरूलाई त्यसो भन्ने वा गर्ने वा गराउनेप्रति ।

**- रामकुमार श्रेष्ठ**


सामाजिक सञ्जालको प्रतिक्रिया हेर्दा पार्टी फुट्नु हुँदैन, अन्तरबिरोध पार्टीभित्रै बसेर समाधान गर्नुपर्छ भन्नेलाई नकारात्मक उपमा दिएर दानविकरण गर्ने प्रयास भएको देखिन्छ । तर प्रष्ट के छ भने यसरी टिप्पणी गर्नेहरू एमाले बाहेकका हुन् उनिहरूको काम एमालेको बिरोध गर्ने नै हो ।

**- धर्मा पौडेल**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# तामाङ ज्ञान महोत्सव र यसको इतिहास

तामाङ नेपालको पाँचौं ठूलो जातीय तथा भाषिक समूह हो । मूलतः चुरे श्रृखंला, महाभारत पर्वत, उच्च पहाडी र हिमाली क्षेत्रमा बसोबास गर्ने यो जाति नेपालभरि सरसर्ती फैलिएको पाइन्छ । अहिलेको ३ नम्बर प्रदेश वरिपरि घना रुपमा बसोबास गरि आएको देखिन्छ ।


● निष्णु थिङ

**विषय प्रवेश**

तामाङ जाति नेपालको एक आदिवासी, जनजाति समुदाय हो । यस जातिको जातीय जनसंख्या १५ लाख ३७ हजार १८४ छ । यो नेपालको पाँचौं ठूलो जातीय तथा भाषिक समूह हो । मूलतः चुरे श्रृखंला, महाभारत पर्वत, उच्च पहाडी र हिमाली क्षेत्रमा बसोबास गर्ने यो जाति नेपालभरि सरसर्ती फैलिएको पाइन्छ । अहिलेको ३ नम्बर प्रदेश वरिपरि घना रुपमा बसोबास गरि आएको देखिन्छ । रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, काभ्रे, सिन्धुपाल्चोक, रामेछाप, दोलखा, सिन्धुलीका भूगोलमा यस जातिले आफ्नो सभ्यताको विकास गरेको छ । तराईका पूर्व-पश्चिम झापादेखि कैलाली, महेन्द्रनगरसम्म पनि उपस्थिति छ । तराईका जिल्लामा सबैभन्दा बढी जनसंख्या चितवनमा (४६,१९८), दोस्रो सर्लाहीमा (३९,७५१) र तेस्रो बारामा (२७,७१७) छन् (स्रोतः केतवि २०६८) । नेपाल बाहिर सिक्किम, कालिम्पोङ, दार्जिलिङ, आसाम, मणिपुर, भुटान, बर्मालगायत विभिन्न देशमा छन् । अहिलेको विप्रेषणको लागि आप्रवासनले विश्वभरि पुऱ्याइदिएको छ ।

आफ्नै भाषा, संस्कृति, सामाजिक रहनसहन, रीतिरिवाज, विश्वदृष्टिकोण र सृष्टि उत्पतिको मौलिक मिथक र लोककथामा निहित विज्ञान यस जातिसित पाइन्छ । यो जाति कला, साहित्य, सांस्कृतिक परम्परा र सामाजिक मूल्य-मान्यताले समृद्ध छ । तामाङ एक स्वाभिमानी जातीय समुदाय हो । राज्यसत्ताको कहिले पनि दलाली नगर्ने र चाप्लुसी गर्न नचाहने यो समुदाय सदैव आफ्नै वीरता, बलबुता र पौरखमा सधैं बाँचि रहे । बरु सदैव सत्तालाई खबरदारी, सचेत गर्दै र शासकहरुको बागी बनेरै बसे । नेपालका सबै राजनीतिक आन्दोलनमा निरन्तर प्राणको बलिदानी दिएर आइरहे । वि.सं. २००७ सालमा गोले काँइला विराटनगरमा शहिद भए, निर्मल लामाले जनमुक्ति सेनाको पश्चिम सुर्खेत, सल्यान, जाजरकोट, दैलेख र कालिकोटको कमाण्ड पनि सम्हालेका थिए । सबैखाले राजनीतिक आन्दोलन चाहे प्रजातान्त्रिक या वामपन्थी र कम्युनिष्ट त्यसमा तामाङहरुको रगत नबगेको विरलै छ ।

> तामाङ एक स्वाभिमानी जातीय समुदाय हो । राज्यसत्ताको कहिले पनि दलाली नगर्ने र चाप्लुसी गर्न नचाहने यो समुदाय सदैव आफ्नै वीरता, बलबुता र पौरखमा सधैं बाँचि रहे । बरु सदैव सत्तालाई खबरदारी, सचेत गर्दै र शासकहरुको बागी बनेरै बसे ।




**तामाङ पहिचान**

तामाङ जाति यहाँको प्राचीन समुदाय भएकोमा कुनै द्विविधा छैन । तामाङहरु मंगोल नश्लका हुन् । इतिहासमा यस जातिलाई विभिन्न नामले बोलाउने, चिन्ने र चिनाउने गर्दथे । कतिपयले होच्याउनका लागि पनि विविध नामले बोलाउथे । इसाङ, भोटे, मूर्मी, सैँ, भोटिया, पिपा, कागते, जाडे, तामकलगायत धेरै नामले बोलाउने गर्दथे । त्यसरी विविध नामाकरणले गर्दा तामाङहरुमा एक प्रकारको पहिचानको विभाजन र खण्डिकरण देखा परे । त्यो पहिचानको खण्डिकरण मात्रै नभएर सिगों समुदायमा समस्याको विषय भएको थियो । एउटै जातिलाई विविध नामले बोलाउने कार्यले त्यस जातिको एकता र सामूहिकतामा तगारो पैदा गरिरहेको थियो ।

मूलरुपमा समुदायको सामुदायिक जीवनमा त्यसले रेखाहरु निर्माण भइ राजनीतिक शक्ति आर्जन र सांस्कृतिक एकताको सूत्रलाई कमजोर तुल्याएको थियो । हुन् त कतिपय इतिहासकार त्यसलाई शासकीय जातिको समकालिन राजनीतिक शक्ति सन्तुलन, व्यवस्थापन र दाउपेचको रुपमा व्याख्या गर्दछन् । खासगरी सत्ताको 'फुटाउ र शासन गर' नीति वमोजिम त्यो गरेको भन्ने बुझाइ पनि पाइन्छ । जे भएपनि त्यसले तामाङ समाजमा निकै सकस र तनाव, वास्तविक पहिचानको स्थिति श्रृजना गरेको थियो । त्यसैले केही तामाङ ताम्बा, गान्बाहरुसहित जगंवीर तामाङले भद्रभलादमी अगुवासहित श्री ३ भीम शमशेरलाई तामाङ कायम गरी सबैलाई 'तामाङ' भनियोस् भनी निवेदन दिए पछि वि.सं. १९८९ भाद्र ६ गतेका दिन तत्कालिन सरकारले इस्तिहार जारी गरेर अब उप्रान्त सबैलाई नेपाल सरहदभित्र तामाङ लेख्न लेखाउन आदेश गरेका थिए । सोही दिनलाई अचेल तामाङ जातिले आफ्नो पहिचान प्राप्त भएकोले 'पहिचान दिवस' मनाउने चलन सुरु गरेका छन् । यस दिनलाई आफ्नो ऐतिहासिक दिनको रुपमा गर्वका साथ हर्षोल्लाससहित मनाउने थिति बसालेका छन् ।

**तामाङ ज्ञान महोत्सव**

नेपालमा विभिन्न उपयुक्त समयमा धेरै समूहहरुले विविध महोत्सव आयोजना गर्दै आएका छन् । दशैं महोत्सव, व्यापार महोत्सव, औद्योगिक महोत्सव, खाना महोत्सव, चलचित्र महोत्सव, जुत्ता मेला, पुस्तक मेला गर्ने चलन छ । अझ चाडबाडको बेला यस्तो निकै हुने गर्दछ । अब दशैं आउँदै छ, यस्ता गतिविधिले तीव्रता पाउने छन् । तामाङ ज्ञान महोत्सव विगत केही वर्षदेखि काठमाडौंमा गर्दै आइरहेको छ । अहिलेसम्म छ वटा महोत्सवहरु सम्पन्न गरिसकेको छ । ती महोत्सवमा तामाङ विषयवस्तुहरुमा विभिन्न तामाङ र गैर तामाङ विद्धान, प्राज्ञिक, लेखक, पत्रकार, कवि, अनुसन्धाता सबैलाई आमन्त्रण गरी गहन छलफल, विमर्श र अन्तरक्रिया गर्ने गरिन्छ । पहिलो र दोस्रोमा बौद्धिक महोत्सवहरु गरेका थिए । दोस्रोमा त तामाङ कवि र कविता सम्मेलन भएको थियो, तामाङ विषयमा राम्रा राम्रा कविताहरु वाचन भएका थिए । जसले समाजमा अत्यन्त राम्रो सन्देश र तरंग लगेको थियो ।

ज्ञान महोत्सवको अवधारणा, अभ्यास र चलन नेपालमा बिरलै छ । यो हाम्रो लागि नयाँ हो । खासगरी अमृत योञ्जनको अवधारणाबमोजिम यो चलनले विधिवत नेपालमा प्रवेश पाएको छ । उहाँले यस्तो चलन पश्चिम बंगालमा आफनो अध्ययन अवलोकन भ्रमणमा जादा देख्नु भएको रहेछ, त्यसबाट उहाँ अत्यन्त प्रभावित हुनु भएको रहेछ । उहाँ कै तत्वाधानमा नेपालमा ज्ञान महोत्सव सुरु भयो । नेपालमा तामाङहरुले यसलाई दरोसित समाउने प्रयत्न गर्दै छ ।

पहिलो र दोस्रो २०७२ र २०७३ ल्होछारको अवसरमा वौद्धमा भए भने तेस्रो र चौथो पर्यटन बोर्ड, भृकुटी मण्डपमा सम्पन्न भए । पाँचौ र छैठौं चाँहि भर्चुअल माध्यमबाट विश्वव्यापी सहभागितासहित भए । भर्चुअल प्रविधिमा कोभिडले गर्दा बाध्य भएर गर्नु पऱ्यो । त्यसले विश्वभरिका तामाङहरुलाई जोड्न मदत गरेको छ ।

**ज्ञान महोत्सवको महत्व**

ज्ञान महोत्सवको अभ्यास नेपालमा नयाँ विषय भएकोले कतिपयमा यो के हो भन्ने जिज्ञासा जाग्न सक्छ । यो ज्ञान महोत्सव भनेको समुदायको ज्ञान वा त्यस जातिमा निहित रहेको ज्ञान प्रणाली, परम्परा र आदिवासी वा मौलिक ज्ञानको खजना र स्रोत हुन् । आजसम्मको इतिहासमा ज्ञान प्राप्तिको लागि कैयन् ऋषिमुनिहरु देखि पश्चिममा होमर, अरस्तु, प्लेटो, पाइथागोरस र पूर्वमा यज्ञवल्क्य, बुद्ध, गार्गी लगायत धेरैले कठोर तपस्या गरेको देखिन्छ । ती सबै दार्शनिकहरुले व्यक्तिगत तवरमा साधना गरेका थिए, उनीहरुले हासिल गरेका ज्ञान, दर्शन र मिमांसाले अहिलेसम्म मानव समाज लाभान्वित मात्रै होइन ऋणीसमेत छ ।

सभ्यताको विकाससितै हजारौं वर्षदेखि विभिन्न जातीय समूहहरुले पनि आफ्नो मौलिक जीवन प्रणाली र ज्ञानधारा निर्माण गरेको पाइन्छ । त्यसैमा ती समाज अडेको छ अहिलेसम्म । आधुनिकताको प्रादुर्भाव पश्चात् आधुनिक शिक्षा, विकास, ज्ञानका क्षेत्रमा भएका नवीन विस्फोटले नेपालमा मात्र होइन संसारभरि जसरी रैथाने वीँउ विजन विनाश भइरहेको त्यसरी नै आदिवासी ज्ञान पनि मासिने क्रम जारी छ । यस्तो अवस्थामा रैथाने ज्ञान हजारौं वर्ष देखि असंख्या पूर्वजहरुले निर्माण गरेर नयाँ पुस्तालाई छाडेर गएका छन् त्यसको संरक्षण, संवर्द्धन र समृद्धिकरण सहित अर्को पिँढिलाई सुरक्षित पुस्तान्तरण गर्नु विद्यमान पुस्ताको अहम जिम्मेवारी बन्न जान्छ । त्यो कार्य ज्ञान महोत्सवद्धारा सजिलो र संभव हुदैछ ।

**निष्कर्ष**

ज्ञान महोत्सव समाजमा रहेका सबै पीँढि र विभिन्न भूगोलका मान्छेहरुलाई एउटै छानोमा ल्याउने महान अवसर हो, सबै पुस्ताले एक-अर्कालाई चिनजान गर्ने राम्रो थलो बनेको छ । विभिन्न राजनीतिक भूगोललाई नाघेर ज्ञान महोत्सवको दायरा फराकिलो हुँदैछ । नयाँ पुराना सबै पुस्तावीच ज्ञानको सघन आदान-प्रदान, अनुभव लेनदेन, अन्तरक्रिया र छलफल तथा सहकार्यले समाजमा रहेका रैथाने ज्ञानको संरक्षण र संवर्द्धन त हुन्छ नै साथमा सभ्य समाज निर्माणमा समेत टेवा पुऱ्याउने छ ।

यस्ता महोत्सवमा अरु जातिका विज्ञहरुलाई आमन्त्रण गर्ने, अन्तरक्रिया गर्ने र बौद्धिक छलफलले सामाजिक सद्भाव, सौहार्दता, मित्रता पनि गाँढा बनाउने छ र एक अर्का प्रतिको भ्रम र पूर्वाग्राह हटेर जाने छ । फलस्वरुप बलियो अन्तर सामाजिक सम्बन्धको जग निर्माण हुन गई राष्ट्रिय एकता पनि बलियो हुने छ । पश्चिमाकेन्द्रित ज्ञानमिमांसाको निऔपनिवेशीकरण गर्न र रैथाने ज्ञानको ढोका खोल्न मदत गर्न सकिन्छ । ज्ञान महोत्सवले आजको विश्वमा आफ्नो जातीय ज्ञानको जरा र विश्वव्यापी ज्ञानको हाँगा समाउनु पर्ने चतेना प्रवाह गरेको छ ।

*(लेखक थिङ छैठौँ तामाङ ज्ञान महोत्सव- ६,७ र ८ भाद्र, २०७८ का संयोजक हुन् ।)*

# उच्च रक्तचापको समस्या र उपचार

अधिकांश चिकित्सकीय परामर्शहरूमा उच्च रक्तचाप रोग नियन्त्रण गर्न औषधि सेवन गर्ने सल्लाह दिईन्छ तर, औषधि सेवनले रोग केही दिनको लागि त नियन्त्रणमा आउँदछ तर, कालान्तरमा समस्या रहिरहन्छ । यसर्थ यो रोगको नियन्त्रण गर्नका लागि सर्वप्रथम जीवनशैली सुधार गर्नुपर्ने हुन्छ । जीवनशैली भन्नाले भोजन, व्यायाम, विश्राम, विचार, व्यवहारलाई स्वास्थ्य मैत्री हुनेगरि सहि तरिकाले समायोजन गर्नु हो ।


● डा. हेमराज कोइराला

रक्तनलीमा रगत बग्दा रगतले रक्तनलीको भित्तामा दिएको दबाबलाई चिकित्सकीय भाषामा रक्तचाप भनिन्छ । यो चाप मुटु खुम्चिएर रक्तनलीमा रगत पम्प गर्दा ज्यादा र मुटु फैलिएर विश्राम गर्दा कम हुने गर्दछ जसलाई क्रमशः सिस्टोलिक र डाएस्टोलिक रक्तचाप भनिन्छ । क्रियात्मक रूपले स्वास्थ व्यक्तिमा सिस्टोलीक ९०-१३० एम.एम.एच.जी. र डाएस्टोलीक ६०-८० एम.एम.एच.जी.को बीचमा हुने गर्दछ तर रक्तचापले यी मानबिन्दुहरू काटेर सिस्टोलीक १३० भन्दा माथि र डायस्टोलिक ८० भन्दा माथि रहेको अवश्थालाई उच्च रक्त चाप भनिन्छ । आज संसार भर १ अरब तेह्र करोड मानिसहरू यो रोगबाट प्रभावित भएका छन् भने लगभग ९० लाख मानिसहरू यो रोगको कारणले प्रत्येक बर्ष मारिने गरेका छन् ।

अधिकांश चिकित्सकीय परामर्शहरूमा यो रोग नियन्त्रण गर्न औषधि सेवन गर्ने सल्लाह दिईन्छ तर, औषधि सेवनले रोग केही दिनको लागि त नियन्त्रणमा आउदछ तर कालान्तरमा समस्या रहिरहन्छ । यसर्थ यो रोगको नियन्त्रण गर्नका लागि सर्वप्रथम जीवनशैली सुधार गर्नु पर्ने हुन्छ । जीवनशैली भन्नाले भोजन, व्यायाम, विश्राम, विचार, व्यावहारलाई स्वास्थ्य मैत्री हुनेगरि सहि तरिकाले समायोजन गर्नु हो । जीवनशैली सुधार गर्दा पनि यो रोग नियन्त्रणमा नआएमा अनि मात्र औषधि सेवन गर्दा राम्रो हुन्छ ।

आज म यही जीवनशैली सुधारको अभिन्न अंग भोजन व्यवस्थापनका विषयमा जानकारी गराउन गईरहेको छु । उच्च रक्तचाप नियन्त्रण गर्नमा भोजन व्यावश्थापनको ठूलो महत्व छ । भोजनकोमात्रा भोज्यपदार्थहरुको छनौट व्यक्तिको प्रकृति, विकृति (रोग), बल, वय (उमेर), सत्व (मानसिकता) आदिको आधरमा हुन अति आवश्यक छ । सामान्यतया उच्च रेशा र चोकरले यूक्त, उच्च भिटामीन र एण्टिअक्सिडेण्टले यूक्त, प्रशस्त पोटासीयम एवं म्यग्नेसीयम जस्ता खनिज पदार्थ भएको, प्रशस्त फलफूल एवं तरकारीहरू भएको र कम चिल्लो र कममा पनि स्वथकर चिल्लो मात्र भएको र प्रशस्त मात्रामा पोबायोटिक्स भएको खानेकुराले उच्चरक्तचाप नियन्त्रण गर्नका लागि विशेष मद्यत गर्दछ । यसर्थ उच्च रक्तचाप नियन्त्रण गर्नका लागि निम्नलिखित खानेकुराहरूलाई आफ्नो खानाको मेनुमा समावेश गरौं ।

**हरियो सागपात**

हरियो सागपात एवं तरकारीको सेवनले रक्तचाप नियन्त्रण गर्नका लागि विशेष भूमीका खेल्दछ । यसको कारण के हो भने अधिकांश उच्च-रक्तचापको कारण रक्तनलीको भित्रिपन ईण्डोथेलीयमको अक्सिडेटिभ स्ट्रेस हो र हरियो सागपातमा विद्यमान एण्टिअक्सिडेण्टले अक्सिडेटिभ स्ट्रेस कमगरि रक्तचाप घटाउदछ । यसैगरि सागपातमा विद्यमान उच्च खाद्यरेशा, भिटामीनहरू, विभिन्न फाइटो केमिकलहरू र रक्तचाप नियन्त्रण गर्ने पोटासियम एवं म्याग्नेसीयम जस्ता खनिज पदार्थहरूले पनि रक्तचाप नियन्त्रण गर्न मद्दत गर्दछ ।

**अमिला फलफूल**

सुन्तला, कागती, भोगटे, जुनार, मौसमी, शङ्खेत्रो भूईकटहर जस्ता अमिलो स्वाद भएका फलफूलहरूलाई सिट्रस फ्रूट्स भनिन्छ । यी फलफूलहरूले रक्तचाप नियन्त्रण गर्नमा महत्वपूर्ण भूमीका खोल्दछ । यी फलफूलहरूमा प्रशस्त मात्रामा भिटामीन, एण्टिअक्सिडेण्ट र पोटासीयम र म्याग्नेसीयम जस्ता रक्तचाप कमगर्ने खनिज पदार्थ पाईन्छ । जापान लगाएतका देशहरूमा गरिएको अनुशंधानहरूले कागती, सुन्तला, शङखेत्रो, मौषम आदिको जुस नियमित पिउदा रक्तचाप कम भएको पाईएको थियो ।

**अनार र चूकन्दर**

अनार र चूकन्दरलाई रक्तचाप नियन्त्रण गर्ने र रगत शुद्ध बनाउने फलफूलको रूपमा बुझीएको छ । यी फलफूलहरूमा उच्च मात्रामा नाईट्रेट्स र एण्टिअक्सिडेण्ट पाईने भएकाले रक्तचापको दीर्घकालिन एवं अल्पकालीन दुबै प्रकारको व्यवस्थापनका लागि राम्रो मानिएको छ । यसै गरि चूकन्दर र अनारको नियमित सेवनले मुटु एवं रक्तनलीको स्वस्थ राम्रो बनाउने, अथेरोस्क्लेरोसिसलाई कमगर्न मद्दत गर्ने गर्दछ ।

**बेरी/ ऐसेलू**

